

नेपालको वन नियमावली २०७९ (मस्यौदा) सम्बन्धमा

# आदिवासी जनजातिका सरोकार र मागहरू

(नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति युवा महासंघ नेपाल, नेपाल आदिवासी जनजाति अपाङ्ग संघ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ, आदिवासी तथा जनजाति गैर सरकारी संस्था महासंघ नेपाल)

डिसेम्बर २०२२



नेपालको संघीय संसदले वन व्यवस्थापन गर्न, वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधता संरक्षण गर्न वन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न आवश्यक रहेको जनाउँदै वन ऐन २०७६बनाएको छ। यस ऐनलाई कार्यान्वयन गर्न नेपाल सरकारले वन नियमावली २०७९ (प्रमाणीकरण तथा प्रकाशन २०७९ असार १६ः नेपाल कानून आयोग) ल्याएको छ। आदिवासी जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक जीवन पद्धतिको आधार भुमि वा जल, जमिन र जंगलभएकोले नेपालको वन ऐन २०७६ र नियमावली २०७९ का कतिपय प्रावधानहरूले नेपालका आदिवासी जनजातिको जीवनपद्धति, सामाजिक-सांस्कृतिक अभ्यासहरूको निरन्तरतामा नकारात्मक प्रभाव पार्ने देखिन्छ। नेपालले आईएलओ १६९, यूएनड्रिप, सिबीडी लगायतका अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन गरेको र आदिवासी जनजातिका प्रथाजनित अधिकार, आत्मनिर्णयको अधिकार, स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी, पूर्ण र प्रभावकारी सहभागिता लगायतका अधिकारहरूसम्बन्धीअन्तर्राष्ट्रिय कानूनी दायित्वहरू लिइसकेको र साथै संघीय गणतान्त्रिक नेपालको संविधानले पनिआदिवासी जनजातिको सशक्तीकरण, विकासको लागि विशेष व्यवस्था गर्न सकिने परिकल्पना गरेको अवस्थामा नेपालको वन ऐन र नियमावली अझै पनि आदिवासी जनजातिकाहरू प्रति उत्तरदायी नहुनु एक गम्भीर विषय हो।नेपालको वन नियमाली २०७९ मा रहेका र छुटेका निम्न विषयहरू आदिवासी जनजाति अधिकारको दृष्टिकोणबाट महत्वपूर्ण छन् :

> *"आदिवासी जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक जीवन पद्धतिको आधार भूमि वा जल, जमिन र जंगल भएकोले नेपालको वन ऐन २०७६ र नियमावली२०७९का कतिपय प्रावधानहरुले नेपालका आदिवासी जनजातिको जीवनपद्धति, सामाजिक-सांस्कृतिक अभ्यासहरुको निरन्तरतामा नकारात्मक प्रभाव पार्ने देखिन्छ।*

१. नेपालको वन ऐनले वनलाई राष्ट्रिय वन र निजी वन भनी वर्गीकरण गरेको र राष्ट्रिय वनअन्तर्गत सामुदायिक वन, साझेदारी वन, कवुलियती वन, धार्मिक वन, वन संरक्षण क्षेत्र र सरकारद्वारा व्यवस्थित वन भनी विभाजन गरेको छ। तर वन ऐनलेआदिवासी जनजातिको प्रथाजनित वन उल्लेख गरेको छैन। वन नीति, वन र भूमि सँग सम्बान्धित विभन्न ऐन नियमको माध्यमबाट सदियौंदेखि प्रचलनमा रहेको आदिवासी जनजातिको प्रथाजनित भुमि स्वामित्व र वन व्यवस्थापन प्रणालीलाई उन्मूलन गरिँदा आदिवासी जनजातिको प्रथाजनित अधिकारलाई समाप्त पार्ने काम भएको छ। नेपालको राष्ट्रिय वन ऐनर नियमावलीमा प्रथाजनित अधिकारले

प्रवेश नपाउनु आदिवासी जनजातिको दृष्टिकोणबाट यी दस्तावेजहरूको ठूलो कमजोरी हो । यस सन्दर्भमा आदिवासी जनजातिको प्रथाजनित अधिकारलाई मान्यता दिइनुपर्छ । वन व्यवस्थापनको सवालमा नियमावली (नियम २, त) मा उल्लेखित "सङ्गठित संस्था" अन्तर्गत आदिवासी जनजाति सम्बद्ध प्राकृतिक स्रोतसाधन व्यवस्थापनमा संलग्न परम्परागत/प्रथाजनित संस्थालाई पनि समावेश गराइनुपर्दछ ।

२. नियमावलीमा आदिवासी जनजाति उल्लेख नगरी स्थानीय समुदाय मात्र लेखिनु राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा स्थापित आदिवासी जनजातिको पृथक पहिचानलाई उपेक्षा गर्नु हो (नियम २, ञ, परिभाषा), । सामाजिक तथा सांस्कृतिक मूल्य-मान्यता, विश्वदृष्टिकोण र अभ्यासको हिसाबले आदिवासी जनजातिकथित स्थानीय समुदायभन्दा बिल्कुल फरक समुदाय हो । अतः आदिवासी जनजाति भनेर छुट्टै उल्लेख गर्ने अन्तर्राष्ट्रिय अभ्यासलाई यी ऐन र नियमावलीमा निरन्तरता दिइनुपर्छ । आदिवासीजनजातिलाई "स्थानीय समुदाय" भनी सामान्य शब्दावलीमा समेट्दा उनीहरूका विशिष्ट पहिचान, अधिकार, आवश्यकता र प्राथमिकताहरू छुटेका छन् ।

३. भूमिसँग आदिवासी जनजातिको विशेष सम्बन्ध छ । अन्तर्राष्ट्रिय कानूनले आदिवासी जनजातिले परम्परागत स्वामित्व कायम, भोगचलन र व्यवस्थापन गरिआएका उनीहरूको भूमि, क्षेत्र र अन्य प्राकृतिक स्रोतसाधनहरूमाथिको उनीहरूको सामुहिक अधिकार सुरक्षित गरेको छ । यस तथ्यलाई सम्मान गर्दै राज्यले राष्ट्रिय वनक्षेत्र वा त्यस अन्तर्गतका वन (सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, सरकारद्वारा व्यवस्थापन गरिएका वन र वन संरक्षित क्षेत्र) का सिमाना रेखांकन गर्दा र भू-उपयोग परिवर्तन गर्दा (नियम ३, ४) ती क्षेत्रभित्र आदिवासी जनजातिको भोग चलन, वस्ती वा घरपरिवार रहे सो क्षेत्रमा कुनै पनि कार्य गर्नु भन्दा अगाडि उनीहरूको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिन अनिबार्य हुन्छ । सरकारले प्रदेश भित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण गर्दा (नियम ५) आदिवासी जनजातिले परम्परागतरूपमा स्वामित्व, भोगचलन र व्यवस्थापन गर्दै आएका पूर्ख्यौली भूमि र क्षेत्रबारे मापदण्ड बनाई विशेष व्यवस्था गरिनुपर्दछ ।

*अन्तर्राष्ट्रिय कानूनले आदिवासी जनजातिले परम्परागत स्वामित्व कायम, भोगचलन र व्यवस्थापन गरिआएका उनीहरूको भूमि, क्षेत्र र अन्य प्राकृतिक स्रोतसाधनहरूमाथिको उनीहरूको सामूहिक अधिकार सुरक्षित गरेको छ ।*





४. नियमावलीमा भनिएअनुसार वनक्षेत्रमा वा वनक्षेत्र भई गरिन सकिने पर्यापर्यटन गतिविधि, विकास आयोजना (नियम ६, ८७), सिमसार व्यवस्थापन (नियम ११), वनस्पति/वन बिज उद्यान स्थापना (नियम ८), कार्बन व्यापार लगायत जलवायु अनुकूलन र न्यूनीकरणका कार्यहरूले आदिवासी जनजातिलाई प्रभावित गर्ने भए त्यस्ता कार्यहरू सम्बन्धमा प्रभावित आदिवासी जनजातिको अग्रिम जानकारीसहितको मञ्जुरी लिइनुपर्छ । उनीहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गरिनुपर्छ । नेपालको संविधानको सामाजिक न्याय तथा समावेशीकरण नीतिले पनि आदिवासी जनजातिलाई प्रभावित गर्ने निर्णयमा उनीहरूलाई सहभागी गराउनेतर्फ जोड दिएको छ । रामसार महासन्धिले पनि रामसार क्षेत्रमात्र नभै अन्य सिमसार र तिनका क्याचमेन्ट क्षेत्रहरूको व्यवस्थापनमा आदिवासी जनजातिको सकृय र सुसूचित सहभागिता गराउनुपर्नेमा जोड दिएको छ ।नियमावलीले (नियम ८७) विकास आयोजना गर्दा संभाव्यता तथा वातावरण अध्ययन गर्ने भनेपनि त्यसको अलावा वातावरणीय तथा सामाजिक मूल्यांकन पनि गरिनुपर्छ र सो अनुसार सामाजिक व्यवस्थापन योजना र आवश्यकता देखिए आदिवासी जनजाति योजना बनाइनुपर्ने प्रावधान जरूरी छ । त्यस्ता आयोजना वा गतिविधिहरूबाट प्राप्त प्रतिफलहरूको समन्यायिक वितरण गरिनुपर्दछ ।आदिवासी जनजातिकाआर्थिक, सामाजिक र सांस्कृतिक वा कुनै पनि प्रकारका हानी नोक्सानी हुनुहुदैन भैहालेमा यथोचित क्षतिपूर्ति दिइनुपर्छ । त्यस्ता क्रियाकलाप र आयोजनाहरूबाट आदिवासी जनजातिका धार्मिक-सांस्कृतिक, आध्यात्मिक स्थल, धरोहर र अभ्यासहरूमा खलल नपुग्न सुनिश्चित गरिनुपर्छ ।

*"नेपालको संविधानको सामाजिक न्याय तथा समावेशीकरण नीतिले पनि आदिवासी जनजातिलाई प्रभावित गर्ने निर्णयमा उनीहरुलाई सहभागी गराउनेतर्फ जोड दिएको छ ।*

५. वनक्षेत्र र वन पैदावर प्रयोग गरे वापत राजस्व तिर्ने, बुझाउने भन्ने अवधारणाले विपन्न आदिवासी जनजातिको दैनिक जिविका र सांस्कृतिक निरन्तरता (जुन विशुद्ध गैर-व्यापारिक र गैर-आर्थिक प्रकृतिका हुन्छन्) माथि आघात पार्दछ (नियम २, ड) । वन क्षेत्रमा दस्तुर लिएर मात्र गाईवस्तु चराउन दिइने भन्ने प्रावधानले (नियम १३) पशुपालन एक प्रमुख जिविकोपार्जनको माध्यम भएका आदिवासी जनजातिलाई असर

पर्ने निश्चित छ । यसले उनीहरूको अधिकार हनन हुने अवस्था सृजना गरेको छ । चरिचरणमा सरकारी नियमन भएपनि आदिवासी जनजातिका लागि चरिचरन पहुँचयुक्त हुनुपर्दछ । त्यस्तै जडीबुटी व्यवस्थापन समूह गठन र जडीबुटी संकलनमा पूर्ण सरकारी नियन्त्रण जस्ता प्रावधानहरूले (नियम १६) आदिवासी जनजातिको परम्परागत उपचार पद्धति र चिकित्सा अभ्यास (इथ्नोमेडिसिन) प्रतिको अधिकारबाट बञ्चित गरेको छ । नियमावलीमा यी पक्षहरूको पुनरावलोकन हुनु जरूरी छ । नियमावलीमा (नियम २०) वन पैदावर संकलन गर्ने अवधि वार्षिकरूपमा असोजदेखि जेठसम्म निर्धारण गरिँदा वनमा आदिवासी जनजातिको वनप्रतिको पहुँचमा असर पर्ने देखिन्छ । विपदमा परेका व्यक्तिलाई वाहेक आदिवासी जनजातिलाई उनीहरूको जनजिविका र सांस्कृतिक निरन्तरताको लागि चाहिँने वन पैदावर वनक्षेत्रबाट वर्षैभरि उपलब्ध हुने व्यवस्था गर्न जरूरी छ । वन संरक्षण क्षेत्र वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वाहेकको वनक्षेत्रबाट प्राप्त हुने काठ दाउरा संरक्षण क्षेत्र भित्रका उपभोक्ताले घरायसी प्रयोजनको प्रयोग गर्न चाहेमा जिल्ला वन पैदावर समितिले तोकेको दररेट र परिणाम बमोजिम उपलब्ध हुने (नियम ४१) जनाइएकोमा अधिकांश आदिवासी जनजाति घरपरिवार अझैपनि निकुञ्ज जस्ता क्षेत्र आसपास धेरै संख्यामा बसोबास गरिरहेको, निकुञ्ज र सामुदायिक वन, साझेदारी वन, कवुलियती वन,संरक्षण क्षेत्र जस्ता वन ब्यावस्थापनका अन्य प्रणालीहरूले समेत आदिवासी जनजातिका सांस्कृतिक निरन्तरतामा बाधा पुराउँदै आएको हुँदा आदिवासी जनजातिको पहुँच सुनिश्चित गर्न जरूरी छ ।

*नियमावलीमा (नियम २०) वन पैदावर संकलन गर्ने अवधि वार्षिकरूपमा असोजदेखि जेठसम्म निर्धारण गरिँदा वनमा आदिवासी जनजातिको वनप्रतिको पहुँचमा असर पर्ने देखिन्छ ।*

६. वन, जैविक विविधता र पारिस्थितीकीय प्रणालीहरूको संरक्षण तथा व्यवस्थापन, सिल्भिकल्वर, भू-उपयोग, आदिवासी ज्ञानशिपमा-आधारित उद्यम विकास, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन, आदिवासी चिकित्सा विज्ञान आदि सम्बन्धी परम्परागत ज्ञान, सीप र अनुभव आदिवासी जनजातिमा निहित छ । त्यस्ता ज्ञान, सीप र अभ्यासमा ऱ्हास नआउने वा नष्ट नहुने बरू तिनीहरूको संरक्षण, उपयोग र प्रवर्धन हुने खालका प्रावधानहरू नियमावलीमा प्रष्टरूपमा आउन जरूरी छ ।

७. वन संञ्चालन प्रणालीमा आदिवासी जनजातिको सामाजिक समावेशिताको आधारमा सहभागिता आवश्यक छ । यसको लागि स्थानिय स्तर वा जिल्ला वनक्षेत्र समन्वय समिति, कोष सञ्चालनको लागि बन्ने कार्यक्रम छनौट तथा कार्यान्वयन समिति, कार्ययोजना विकास, कार्यसञ्चालन योजना निर्माण, लाभ बाँडफाँड संन्यत्रहरू आदिमा आदिवासी जनजातिको प्रभावकारी सहभागिताबारे प्रावधानहरू नियमावलीमा उल्लेख हुन जरूरी छ । कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड (नियम ११५) मा आदिवासी जनजातिले आफ्नै परम्परागत अभ्यासबाट वनजंगल संरक्षण र व्यवस्थापनमा पुऱ्याएको ऐतिहासिक योगदानको कदर र गैरकार्बन लाभहरू सुनिश्चितता गरिनुपर्दछ ।





८. नियमावलीमा सामुदायिक वन उपभोक्ता समूह गठनको उल्लेख गरिएको छ तर आदिवासी जनजातिकोपरंपरागत भुमि हरण गरेर कुनै पनि वन समुह बन्नु हुदैन भन्ने प्रमुख अडान हो

९. सरकारी वनलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गर्दा (नियम ४६) सदियौंदेखि पुर्ख्यौली भूमि र भोगचलन हुँदै आएका (जसलाई राज्यले राष्ट्रियकरण गरी हाल सरकारी वनको दर्जा दिएको) र आफ्नै आदिवासी परम्परागत ज्ञान, सीप र अभ्यासको आधारमा आफ्नो थातथलोमा वन तथा प्राकृतिको दिगो व्यवस्थापन गर्दै आएका क्षेत्रहरू सामुदायिक वन प्रणालीमा जानु हुदैन । अन्तर्राष्ट्रिय कानूनले पनि आदिवासी जनजातिको परम्परागत अधिकारसम्बन्धी आत्मनिर्णयको अधिकार सुरक्षित गरेको छ ।

१०. हस्तान्तरित सामुदायिक वनको जग्गा कसैलाई प्रयोग गर्न नदिने, अतिक्रमण हुन नहुने (नियम ५४) सम्बन्धमा थप स्पष्टता आवश्यक छ । आदिवासी जनजातिको दृष्टिकोणमा आदिवासी जनजातिले आफ्नो आधारभूत जिविका, स्वास्थ्य सेवा र सांस्कृतिक निरन्तरता सम्बद्ध आवश्यकताहरू पूर्तिका वस्तुहरू जस्तै दाउरा घाँस, खर, बाबियो, सेउली, जडीबुटीहरू संकलन गर्ने कार्यलाई वनको गैरकानूनी उपभोगको रूपमा अर्थ्याउनु वा यस्ता आधाभूत कार्यहरू (जुन विशद्ध गैरव्यापारिक किसिमका छन्)को लागि जटिल प्रशासनिक प्रक्रिया मार्फत गराइनु आदिवासी जनजातिको चाहना र हितमा छैन । त्यस्तै सदियौंदेखि बस्दै आएका (जसको कारणबाट परम्परागत अधिकारवाला रहीआएका) आदिवासीको परम्परागत बसोबासलाई अतिक्रमणको रूपमा हेरिनु, धरपकड गर्नु वा उनीहरूलाई उपनियम (३) मा भने अनुसार किमार्थ हटाउनु हुँदैन । यो भनेको परापूर्वकालदेखि बस्दै वा भोगचलन गर्दै आएका आदिवासी जनजाति (जग्गाधनी प्रमाणपूर्जा भए नभए पनि) को मानवअधिकारसँग जोडिएको हुन्छ । यो कुरा साझेदारी वन (नियम ६६) मा र अझ विशेषगरी वन अतिक्रमण नियन्त्रण (नियम ११९) को हकमा पनि लागू हुन्छ ।

> *कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड (नियम ११५) मा आदिवासी जनजातिले आफ्नै परम्परागत अभ्यासबाट वनजंगल संरक्षण र व्यवस्थापनमा पुऱ्याएको ऐतिहासिक योगदानको कदर र गैरकार्बन लाभहरु सुनिश्चितता गरिनुपर्दछ ।*

**अँलँने/थुजेछे/होर्छे/नुगेन/धन्यवाद !**

**प्रस्तुत बुँदाहरूको अतिरिक्त निम्न सवालहरू पनि आदिवासी जनजातिको प्रमुख मुद्दा हुन् ।**

(क) आदिवासी जनजातिको लागि भुमी, वनजंगल वा प्रकृतिसम्बन्धिको सवाल उपयोग र संरक्षण मात्र होइन, प्रथाजनित भुमी अधिकार र स्वामित्व प्रमुखहो ।

(ख) नेपालको सबै खाले वन व्यवस्थापन प्रणाली (सरकारद्वारा व्यवस्थित वन, धार्मिक वन, सार्वजनिक जग्गाको वन, शहरी वन, राष्ट्रिय निकुञ्ज, वन संरक्षण क्षेत्र, कबुलयिती वन, साझेदारी वन, सामुदायिक वन) आदिले आदिवासी जनजातिको अधिकार हनन् गर्दै आएकै सन्दर्भमा आदिवासी जनजातिको कुनै पनि वन प्रणालीको आकारमा घटवढ वा परिवर्तन हनु नदिई प्रथाजनित भूमि र वनजंगल प्रतिको अधिकार सुनिश्चितता प्रमुख सरोकार हो ।

(ग) वनविकास कोष समितीमा आदिवासी जनजातिको सामूहिक, संस्थागत र आदिवासी जनजाति आफैंले चुनेको नेतृत्व र सहभागीता हुनुपर्दछ भन्ने विषय आदिवासी जनजातिको अर्को सवाल हो ।

(घ) संरक्षणको साथै व्यवस्थापन र उपभोग गर्न पाउनु पर्छ भन्ने सवाल नभई आदिवासी जनजातिको अडान भूमि, वनजंगल र प्रकृतिसँगको सामूहिक अधिकारको सम्मान र प्रकृतीसँग आदिवासी जनजातिको साँस्कृतिक र बहुआयमिक सम्बन्ध र प्रथाजनित स्वामित्व कायम राख्न पाउनुपर्छ भन्ने हो ।

(ङ) आदिवासी जनजातिहरूका लागि आफू र प्रकृतिबीचको अन्तरसम्वन्धित विशिष्ट खालको पारिस्थितिकीय प्रणालीहरू जस्तै खर्क, चरिचरण, तालतलैया, समाधिस्थल जस्ता विशिष्ट जिवनपद्धती र विज्ञानको निरन्तरता प्रमुख हो । आदिवासी जनजातिहरूको यस्तो जिवनपद्धती र विज्ञानलाई कबुलियती वन, साझेदारी वन, सामुदायिक वन, निकुञ्ज र अरू सबै खाले वन व्यबस्थापन प्रणालीले बाधा पुराउने र बिनाश गर्दै आएको छ ।

(च) आदिवासी जनजातिको लागि घुम्ती चरिचरण, आध्यात्मिक स्थलहरू, साँस्कतिक अभ्यास र जिवनपद्धती विचको अन्तरसम्वन्धको निरन्तरता अर्को सवाल हो । यस्तो अभ्यासमा पनि सबैखाले वन व्यबस्थापन प्रणालीले बाधा पुर्‍याउने गरेको छ ।

(छ) जिवीकोपार्जन मात्र नभै साँस्कृतिक मूल्य मान्यतासहितको जिवनपद्धतीको निरन्तरतालाई मान्यता दिनु आदिवासी जनजातिको मुख्य माग हो ।



तस्वीरहरू : संगम थापामगर र टुंङ् भद्र राई

NEFIN


**Nepal Federation of Indigenous Nationalities (NEFIN)**

Climate Change Partnership Program

Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4515376

E-mail: **info@nefinclimatechange.org**

Website: **www.nefinclimatechange.org**



Support

Sweden Sverige

Partner

AIPP

2022